प.सं. च.नं./ Ref:

मितिः-२०८३।०७।११

निर्वाचन स्मारिकाका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना।

निर्वाचन आयोगले निर्वाचन दिवस २०८३ फागुन ७ गते मनाउने सिलसिलामा विगतका वर्षहरुमा जस्तै यस वर्ष समेत निर्वाचन स्मारिका प्रकाशन गर्दैछ। निर्वाचन स्मारिकामा लोकतन्त्र, निर्वाचन, निर्वाचन प्रणाली, निर्वाचनमा समावेशीता लगायतका निर्वाचन सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित विषय क्षेत्रका लेख रचनाहरु समावेश हुने हुँदा उक्त विषयहरूसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित विषयमा **विचारमूलक, अनुसन्धानमूलक, विश्लेषणात्मक वा तथ्यमूलक** लेख तथा रचनाहरू मिति २०८३ साल पौष २० गतेभित्र आयोगको इमेल ठेगाना **smarika@election.gov.np** मा उपलब्ध गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(क) विचारमुलक लेखः

(३००० देखि ४५०० शब्दसम्म)

- शीर्षक (Heading)
- लेखसार (Abstract)
- मुख्य शब्द (Keywords) - अधिकतम ५ शब्द
- पृष्ठभूमि (Background)
- विश्लेषणात्मक प्रस्तुति (Analysis)
- निष्कर्ष (Conclusion)
- सन्दर्भ सामग्री (References)

(ख) अनुसन्धानमूलक वा तथ्यमूलक लेख

(३००० देखि ४५०० शब्दसम्म)

- शीर्षक (Heading)
- लेखसार (Abstract)
- पृष्ठभूमि (Background)
- अध्ययनको उद्देश्य (Objectives of the study
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literat Review)
- अध्ययन विधि (Methodology)
- तथ्यको प्रस्तुति विश्लेषण (Analysis)
- नतिजाको विश्लेषण (Result Analysis)
- निष्कर्ष (Conclusion)
- कृतज्ञता (Acknowledgment)
- सन्दर्भ सामग्री (References)

मापदण्ड/शर्तहरूः-

- लेखरचना तोकिएको ढाँचामा र लोकतन्त्र, निर्वाचन, निर्वाचन प्रणाली, समावेशीता लगायतका विषयक्षेत्र वा यस्तै प्रकृतिका अन्य विविध विषय क्षेत्रसँग सम्बन्धित विषयमा हुनु पर्नेछ।

प.सं. च.नं./ Ref:

- लेखरचनाको माध्यम भाषा नेपालीमा भए कालीमाटी फन्ट साइज १२ र अङ्ग्रेजी भए Times New Roman font 12 मा टाइप गरी doc वा docx format मा पठाउनु पर्नेछ। pdf मा पठाईएका लेखरचना स्वतः अस्वीकृत हुनेछ।
- प्राप्त लेख रचनाहरू प्रकाशन गर्ने वा नगर्ने सम्बन्धी अन्तिम अधिकार सम्पादक मण्डलको हुनेछ।
- अन्यत्र प्रकाशित भई सकेका लेखरचनाहरू उपलब्ध गराउन पाईने छैन तर समयानुकुल संशोधित विषय राखिएको भएमा प्रकाशन गर्न सकिनेछ।
- लेख रचनासँगै लेखकको संक्षिप्त परिचय (नामथर, संलग्न संस्था तथा पद, इमेल ठेगाना र सम्पर्क नं.) उपलब्ध गराउनु पर्नेछ।
- लेख रचनाहरू मौलिक हुनु पर्नेछ। AI बाट उत्पादन गरिएका लेख रचनाहरू स्वीकार गरिने छैन। AI detect भएमा त्यस्ता लेख रचनाहरू प्रारम्भिक चरणमै अस्वीकृत हुनेछन्।
- प्रकाशित लेख रचना बापत लेखकलाई नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार पारिश्रमिक उपलब्ध हुनेछ।

कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np